# कटाई सिलाई एड्भान्स तालिम संचालन
# प्रतिवेदन

**<u>प्रतिवेदन पेश गरिएको</u>**

जिल्ला विकास समितिको कार्यालय

मानभवन, ललितपुर

**प्रस्तावना पेश गर्ने संस्था**

आदिवासी जनजाति महिला समुह

# कटाई सिलाई एड्भान्स तालिम संचालन प्रतिवेदन

**भूमिका**

संस्थाको मुख्य उदेश्य भनेको नै महिला युवाहरुलाई सक्षम बनाउँदै आफ्नो अधिकार सुरक्षित गर्दै राष्ट्र विकासमा सघाउ पुर्‍याउनु हो । आज सम्मको नेपालको ईतिहासलाई हेर्दा विभेद भित्र पनि विभेदीत समाजको विकास हुँदै आएको पाईन्छ । विभेद जातिगत हिसाबबाट, समुदायको हिसाबबाट, लिङ्गको हिसाबबाट, वर्गको हिसाबबाट विकास हुँदै आएको पाईन्छ । यी सम्पुर्ण आधारमा विभेद हुँदा हुँदै पनि अझ त्यो समुदायको भित्र पनि लिङ्गीय आधारमा महिलाहरु अझ बढी विभेदमा छन् यसो हुनुमा महिला युवाहरुमा नेतृत्व तथा क्षमताको कमी हो भने उनीहरुले नेतृत्व, सिप तथा क्षमता विकासको लागि अवसर नपाउनु पनि हो । यदी समाजको विकास गर्नु छ भने महिला युवाहरुलाई पनि त्यति कै अवसर दिनु आवश्यक छ । यसकारण यस संस्थाले राज्यको स्रोतबाट टाढा रहेका समुदायहरु महिला, आदिवासी जनजाति, दलित, मधेशी, अल्पसंख्यक तथा सिमान्तकृत, जोखिममा परेका समुदायहरु तथा पछाडि परेका समुदायहरुको महिलाहरुलाई प्राथमिकताको आधारमा सहभागी छनौट गरि विभिन्न कार्यक्रमहरु संचाल गर्दै आइरहेको छ । यसै क्रममा महिलाहरुलाई लक्षित गरि कटाई सिलाई एड्भान्स तालिम २० वैशाख देखी संचालन गरी जेष्ठ २० मा समापन गरिएको थियो । उक्त तालिमले सहभागीहरुमा सिप विकास गर्नको लागी क्षमता विकास भएको छ । उक्त तालिम कार्यक्रम सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

**कार्यक्रमको उद्देश्य**

क) बेरोजगार महिलाहरुलाई कटाई सिलाई तालिम दिएर सिप विकास गर्नु ।

ख) सिप तथा क्षमताको विकास गर्दै महिलाहरुको आय आर्जनमा वृदि गर्न सघाउनु ।

**विधि**

ललितपुर जिल्लाको सानागाउँमा संचालन गरिएको तालिममा सिपयुक्त दक्ष प्रशिक्षकको छनौट गरी विद्यार्थीहरुको छनौट गरिएको थियो । सहभागीहरु छनौट गर्दा ईच्छुक तथा बेरोजगारी महिलाहरुको छनौट गरिएको थियो । प्रशिक्षकको रुपमा माया हर्जनलाई छनौट गरिएको छ ।

तालिममा सिलाई मेसिन, धागो, कपडा, सियो, लगायतको सामग्रीहरुको सहयोगमा कटाई तालिम सिलाई तालिम दिइएको थियो ।

**परियोनाको औचित्य**

स्थानिय महिला समुदायहरु बेरोजगारी भई बसिरहेका छन् । उनीहरुमा सिप विकास गरी आय आर्जनमा व्यवस्थापन गर्नको लागी यो तालिमको आवश्यक भएकोले यो तालिम कार्यक्रमको महत्वपुर्ण औचित्य रहेको छ । बेरोजगारी महिलाहरुलाई सिप क्षमता विकास गर्नु यस कार्यक्रमको औचित्य रहेको थियो ।

**अपेक्षित उपलब्धि**

परियोजनाले प्रत्यक्ष रुपमा १० महिलाहरुमा कटाई सिलाई बारेमा सिप सिकाएको छ ।

**लक्षित वर्ग**

सानागाउँका आदिवासी जनजाति स्थानिय समुदायका भूकम्प पिडित, सिमान्तकृत, दलित समदायका महिलाहरुलाई लक्षित गरी यो कार्यक्रम संचालन गरिएको थियो ।

**क्रियाकलाप तथा कार्ययोजना**

तालिम संचालन बारेमा लक्षित समुदायहरुलाई सूचना गरिएको थियो । सुचना गर्दा स्थानिय संघ संस्थाहरुमा मौखिक रुपमा तथा पत्रचार गरेर जानकारी गरिएको थियो ।

**सुझावहरु**

- तालिम कम्तिमा ३ महिनाका हुनुपर्ने ।
- तलिम कम्तिमा माघ महिनामा सुरुगर्नुपर्ने ।
- तालिमका साथै लगानीको लागी पनि सहयोग गरेमा पेशा निश्चित रुपमा गर्न सकिने ।
- तालिमका यातायातको खर्च व्यवस्थापन राम्ररी गर्नुपर्ने ।

**निष्कर्ष**

संसदीय विकासको सहयोगमा संचालन गरिएको एक महिने कटाई सिलाई तालिममा महिलाहरुमा केही रुपमा भएता पनि सिपको विकास भएको हुनाले यस तालिममालाई सफल भएको मानिन्छ । साथै महिलाहरुले आफुले सिकेको सिपलाई निरन्तरता दिंदै यसलाई व्यवसायको रुपमा स्थापित गर्ने सहभागीहरुले प्रतिवद्धता जनाएको छ । यसकारण यो तालिम सफल भएको मानिन्छ ।